रुन्टीगढी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

होलेरी, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

# कृषि उपज संकलन केन्द्र स्थापना एवं संचालन कार्यबिधि

२०८०

कार्यपालिकाबाट स्वीकृत मिति :२०८०।०३।१६

तयार पर्ने

रुन्टीगढी गाउँपालिका

झेनाम (होलेरी) , रोल्पा

Scanned with CamScanner

# कृषि उपज संकलन केन्द्र स्थापना एवं संचालन कार्यविधि २०८०

**प्रस्तावना :**

नेपालको समग्र अर्थतन्त्र र अधिकास जनताको जिबिकोपार्जन, आयआर्जन एवं रोजगारीको मुख्य आधारको रुपमा रहेको कृर्ष क्षेत्रले बढदो जनसंख्याको लागि आवश्यक कृषि उपजहरुको उत्पादन बृद्धि गर्न, आयात प्रतिस्थापन तथा निर्यात बृद्धि गर्न देशको तिन तहका सरकार, मातहतका निकायहरु, कृर्षक व्यवसायी एवं बिभिन्न सहयोगी निकायहरुको सहकार्यमा टेवा पुग्दै आएको छ ।

यस सन्दर्भमा रुन्टीगढी गाउपालिकाले छरिएर रहेका अधिकांस साना कृषकहरुको उत्पादनलाई एकिकृत गरि उनिहरुलाई सहजै बजारमा पहुँच पुर्‍याउन र यसमा सँम्लग्न कृषक, व्यापारी, उपभोक्ता सबै पक्षहरुलाई स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट लाभान्वित तुल्याउन व्यवस्थित र प्रतिस्पर्धात्मक बजार प्रणालीको विकास तथा व्यवस्थापन गर्न आवश्यक भएकोले यो गाउँकार्यपालिकाले "कृषि उपज संकलन केन्द्र स्थापना एवं सञ्चालन कार्यविधि, २०८०" तयार गरि लागु गरेको छ ।

## परिच्छेद –१
## प्रारंभिक

**१संक्षिप्त नाम र प्रारम्भ .:**

)१(यो कार्यविधिको नाम "कृषि उपज संकलन केन्द्र स्थापना एवं सञ्चालन कार्यविधि, २०८०" रहेको छ ।

)२( यो कार्यविधि राजपत्रमा प्रकाशित गरेको मितिबाट लागु हुनेछ ।

**२परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा .,**

(क ("कृषि उपज संकलन केन्द्र"वा"संकलन केन्द्र वा उपकेन्द्र " भन्नाले उत्पादन क्षेत्रबाट कृषि उपज खरीद गरी वा संकलन मात्र गरी उपभोक्ताले सोझै वा अन्य व्यापारी वा व्यवसायीक प्रतिष्ठानहरुलाई वेच विखन गर्ने उद्देश्यले संचालित स्थल संझनु पर्छ ।

(ख ("कार्यविधि" भन्नाले को उपदफा को (१)"कृषि उपज संकलन केन्द्र स्थापना एवं सञ्चालन कार्यविधि, २०८०" सम्झनु पर्छ ।

(ग ("व्यवस्थापन समिति वा समिति" भन्नाले यस कार्यविधी अनुसार गाउँपालिका स्तरमा स्थापना भएका कृषि उपज संकलन केन्द्रको व्यवस्थापनका लागि दफा ३अनुसार गठन भएको समिति १.

Scanned with CamScanner

सम्झनुपर्दछ । यसरी गठन भएको समिति गाउँपालिकामा दर्ता हुनु पर्नेछ । सो शब्दले सहकारी/समूह मार्फत स्थापना भएका संकलन केन्द्रहरुका संचालक समिति वा त्यस मातहत गठन भएको समितिलाई समेत जनाउछ ।

(घ ("कृषि उपज" भन्नाले कृषि तथा पशुपालन क्षेत्रबाट उत्पादित फलफूल, तरकारी, खाधान्न तेलहन, दलहन, मसलाबाली, पुष्प, च्याउ, मह, माछा मासु, अण्डा जस्ता ताजा तथा नाशवान वस्तु, जिवित पशुपंक्षीहरु र पशुपंक्षीजन्य उत्पादन समेतलाई सम्झनु पर्दछ ।

(ङ ("कृषक" भन्नाले यस बजारमा सहभागी हुने कृषकहरु सम्झनु पर्छ ।

(च ("कृषक समूह" भन्नाले कृषकहरुको समूह सम्झनुपर्छ ।

(ज ("सहकारी" भन्नाले कृषकहरुको सहकारी सम्झनु पर्छ ।

(झ ("कोष" भन्नाले समितिको कोषलाई सम्झनु पर्दछ ।

(ञ) "खुद्रा" भन्नाले उपभोकहरुको लागि फुटकर रुपमा खरीद विकी गर्ने परिमाणलाई सम्झनु पर्छ ।

(ट ("कार्यालय" भन्नाले गाउँपालिकाको कार्यालय सम्झनुपर्छ र सो शब्दले कृषि र पशु विकास शाखा वा इकाइलाई समेत बुझाउछ ।

(ठ ("शाखा वा इकाई " भन्नाले गाउँपालिकामा रहेको कृषि वा पशु शाखा वा इकाइलाई सम्झनुपर्छ ।

(ड ("सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्दछ र सो शब्दले अध्यक्षलाई समेत जनाउने छ ।

(ढ ("सेवा शुल्क" भन्नाले वजारमा उपलब्ध गराईएको सेवा वा सुविधा वापत समितिलाई प्राप्त हुने इजाजत शुल्क, प्रवेश शुल्क, स्थान तथा निर्मित संरचना उपलब्ध गराए वापतको भाडा वा अन्य सेवा शुल्क सम्झनु पर्दछ ।

(ण ("वजार व्यवस्थापक" भन्नाले यस कार्यविधि बमोजिम तोकिएको वजार व्यवस्थापक वा सदस्य सचिव सम्झनु पर्दछ ।

(त ("संझौता" भन्नाले कृषि उपज संकलन तथा बजार सञ्चालनका लागि सहकारी वा बजार समिति र अन्य निकायहरु विच गरिने संझौता सम्झनु पर्छ ।

(थ ("थोक" भन्नाले खरीद विक्री हुने गरी राखीएको पाँच किलो वा सो भन्दा वढी परिमाणलाई सम्झनु पर्दछ ।

CS Scanned with CamScanner

## परिच्छेद -२

## समितिको गठन, काम कर्तव्य र अधिकार

**३: कृषि उपज संकलन केन्द्र व्यवस्थापन समितिको गठन .**

(१ षि उपजकृ (संकलन तथा बजार केन्द्रको संचालन एवं व्यवस्थापन गर्न गाउँपालिकामा देहाय बमोजिम "कृषि उपज संकलन केन्द्र व्यवस्थापन समिति" गठन हुनेछ ।

| | |
|---|---|
| (कगाउ (ँपालिका अध्यक्ष | अध्यक्ष |
| (ख (गाउँपालिका उपाध्यक्ष | सदस्य |
| (ग (प्रमुख प्रशासकीइ अधिकृत | सदस्य |
| (घ (संकलन केन्द्र उपकेन्द्र रहेका वडाका वडा अध्यक्ष | सदस्य |
| (ङ( संकलन केन्द्र उप केन्द्रका संयोजक वा अध्यक्ष | सदस्य |
| (च) पशु शाखा/ईकाइको प्रमुख | सदस्य |
| (छ) कृषि शाखा/ईकाइको प्रमुख | सदस्य सचिव |

(२ (समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका व्यक्तिहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

**४समितिको काम ., कर्तव्य र अधिकार :**समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ (१) ,–

(२विकास संकलन केन्द्रको (, विस्तार र गुणस्तरीय सेवा प्रवाह गर्ने सम्बन्धमा नीति तथा योजना बनाई लागु गर्ने ।

(३गाउँपालिका कार्यालयमा समिति दर्त (ा तथा तोकिएंको ढाँचामा विधान तयार गरी स्वीकृत गराउने।

(४ (संकल केन्द्र वा उपकेन्द्रका समितिहरुलाई नियमन अनुगमन गरी आवश्यक सुझाव तथा निर्देशनदिने ।

(५ समितिको (समितिलाई आवश्यक पर्ने बजेट तथा नीति योजनाहरुको सम्बन्धमा कार्यापालिकामा शिफारिस गर्ने ।

(६ (कृषि उपज बजार व्यवस्थापन संग सम्बन्धित अन्य कामहरु गर्ने ।

## परिच्छेद–३

## समिति गठन तथा विधानको स्वीकृती

Scanned with CamScanner

५कृषि उपज संकलन केन्द्र . उपकेन्द्र संचालन समिति गठन तथा दर्ता, विधान /संसोधन स्वीकृती :

(१गाउँपालिका मार्फत स्थापना भएका संकलन केन्द्र उपकेन्द्रहरु ( संचालन तथा व्यवस्थापनको लागि एक संचालक समिति हुनेछ ।

(२)त्यस्ता समितिहरुको गठन,संचालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था विधानमा तोकीय बमोजिम हुनेछ ।

तर, त्यसरी गठन हुने समितीहरुमा एक तिहाई महिला र प्रमुख पदहरु मध्य कम्तिमा एक जना महिला अनिवार्य हुनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम गठन हुने समितीहरु गाउँपालिका तथा आवश्यकता अनुसार अन्य निकायहरुमा पनि दर्ता गर्नु पर्ने छ ।

(४) समितिले अनुसूची १ को ढाँचा बमोजिम तयार पारेको विधान गाउँपालिकामा स्वीकृत गराउनु पर्नेछ ।

(५) समितिको विधान संसोधन गरेर पश्यात पनि गाउँपालिकामा स्विकृत गराउनु पर्नेछ ।

(६) विधान अनुसार समितिको गठन नभए सम्मको लागि गाउँपालिकाले गठन गरिदिएको तदर्थ समितिले नै सबै काम गर्नेछ ।उप केन्द्रहरुमा त्यस्तो समिति वडाले पनि गठन गर्न सक्नेछ ।

६. समितिको अन्य व्यवस्थापन :(१) समितिको अन्य व्यवस्थापन देहाय अनुसार हुनेछ ।

(२उक्त संकलन केन्द्रमा प्रयोग गरिने विल विजक (,छाप एवं अन्य दस्तावेजहरु समितिको नाममा हुनु पर्नेछ ।

(३ /सहकारी (समूह मार्फत संचालित संकलन केन्द्रको हकमा संचालक स्वयं सहकारी नै हुनेछ र यसको स्वामित्व एवं दायित्व दुवै सम्वन्धित सहकारीको नै हुने छ । प्रयोग गरिने विल विजक एवं अन्य दस्तावेजहरु सहकारीको नाममा हुने छ ।

(४पनि यसै कार्यविधि अनुसार हुनेछ । उपकेन्द्रहरुको उपकेन्द्रहरुको संचालन तथा व्यवस्थापन ( छाप,लेटर हेड भने छुट्टा छुटटै हुनेछ ।

(५उपकेन्द्रहरु सबै मूल समितिहरुको (रेख देख र नियिमनमा संचालन हुनेछन ।

(६ गाउँपालिकाको निर्देशन तथा थप केही गर्नुपरेमा कार्यविधि (आवश्यकता अनुसार संसोधन गर्नुपर्नेछ । यसरी संसोधन भएको कार्य विधि गाउँपालिकावाट स्वीकृत भए पछि मात्र लागु हुनेछ ।

## परिच्छेद–४
## समितिको आर्थिक व्यवस्थापन प्रणाली

७ समितिको .कोष संचालन तथा लेखा परीक्षण व्यवस्था :

Scanned with CamScanner

(१समितिको एउटा छुटै क (ोष हुनेछ, जसमाख उपदफा २ बमोजिम रकमहरु रहने छन् र समितिको सबै खर्च सो कोषबाट व्यहोरिने छ । त्यस्तै कोष उपकेन्द्रहरुमा हुने समितिहरुको पनि हुनेछन् ।

(२समितिको क (ोषमा देहायका रकमहरु जम्मा गरिनेछ :

(कसंघ) नेपाल सरकार (, प्रदेश र स्थानियबाट समितिलाई प्राप्त रकम (

(खसेवा सुविधाबाट प्र (ाप्त शुल्क र रकम,

(गन्न व्यक्ति वा संघविभि (, संस्थावाट प्राप्त रकम,

(घविदेशी सरकार (÷ अन्तराष्ट्रिय संघ संस्थावाट प्राप्त सहयोग

(ङअन्य नियमित श्रोतवाट प्रासं रकम । (

(३समितिले आपनो आर्थिक कारोवार नेपाल राष्ट्र बैकबाट वैकिगं कारोवार गर्न मान्यताप्राप्त ( वित्तियसंस्थामा खाता खोली आवश्यकता अनुसारको आर्थीक कारोवार सोहि खाता मार्फत गरिने छ ।

(४ /समितिको खाता संचालन समितिको अध्यक्ष र वजार व्यवस्थापक (सदस्य–सचिवको संयुकदस्तखतबाट हुनेछ ।

(५ समितिले आर्थिक कार्य गर्दा (÷ गराउँदा नेपाल सरकारको प्रचलित ऐन, कानुन वा नियमानुसार हुने छ।

(६समितिको वार्षिक आय व्ययको लेखाजोखा प्रत्येक वर्षको श्रावण मसान्त सम्ममा ( सकिसक्नु पर्ने छ र सो को विवरण गाउँपालिकामा पेश गर्नु पर्ने छ । सहकारी मार्फत संचालन भएका संकलन केन्द्रहरुको हकमा संकलन केन्द्रको वार्षिक आय व्यय विवरण सहकारीको मुख्य लेखा परिक्षण प्रतिवेदनमा स्पष्ट खुलाउनु पर्ने छ ।

(७समितिहरुले आफुले गरेको वार्षिक आर्थिक कारोवारको दर्तावाला लेखा परीक्षकाट लेखा परिक्षण ( गराउनुपर्नेछ ।

## परिच्छेव– ६
## संकलन केन्द्रमा स्थल तथा स्टल प्रयोग सम्बन्धी व्यवस्था

**८: स्टलको उपयोग स्थल तथा .**

(१संकलन केन्द्रमा उपलव्ध स्थल वा स्टलको उपयोग (, नयाँ संरचना निर्माण र सोको व्यवस्थापन एवं सदुपयोगको जिम्मेवारी समितिमा निहित रहने छ जसलाई यस समितिको वार्षिक एवं दिर्घकालिन योजना अनुसार प्रयोग गरिने छ ।

Scanned with CamScanner

(२न्द्रमा स्थल तथा उपलब्ध स्टलहरुलाई उक्त संकलन केन्द्रको सेवा क्षेत्रका कृषकसंकलन के (,समुह, सहकारी, व्यापारी एवं उपभोक्ताहरुले उपयोग गर्न सक्ने छन् ।

(३संकलन केन्द्र स्थल तथा स्टल उपयोग गरेवापत समितिले न (िर्धारण गरेको सेवा शुल्कतिर्नु पर्नेछ ।

(४समितिले विधानमा व्यवस्था भए बमोजि मूल (म अन्य उपकेन्द्र तथा अन्य पक्षसँग कर तथा सेवा शूल्क लिनेछ ।

(५माथि जुनसुकै कुरा लेखिएको भएतापनि मूल समिति तथा अन्य समितिहरुले कृषि उपज केन्द्र तथा ( उपकेन्द्रको विधान विपरित वा हित विपरित काम गरेको गाउँपालिकालाई लागेमा वा हित विपरितको कार्य भएको उजुरी गुनासो आएमा गाउँपालिका वा समितिले आवश्यक परेमा वा देखेमा नियन्त्रण नियमनका जुनसुकै कदमहरु चाल्न सक्नेछ र त्यसरी चालिएका कदम वा निर्देशनको पालना गर्नु समितिहरुको कर्तव्य हुनेछ ।

## परिच्छेव– ७
## विविध

९: **कर्मचारी व्यवस्था** . केन्द्र तथा उपकेन्द्रहरुमा आवश्यकता तथा समितिको आर्थिक क्षमता समेतको आधारमा कर्मचारीको व्यवस्था गर्न सक्नेछ ।

१० .कार्यविधि वा विधानमा कुनै दुविधा परेमा समितिको निर्णवाट बाधा अडकाउ फुकान सकिनेछ ।

Scanned with CamScanner

अनुसुची १

(दफा ५ को उपदफा (संग सम्बन्धित (४)

समितिको विधानको नमूना

अनुसूचि १

दफा ८ को उपदफा )४( सँग सम्बन्धितः

कृषि उपज संकलन केन्द्रको विधानको नमुना

प्रस्तावना

परिच्छेद १

प्रारम्भः

१. संक्षिप्त नाम र प्रारम्भः

२. परिभाषाः

परिच्छेद२

३. उद्देश्यः

४. कार्यहरुः

परिच्छेद३

५. संकलन केन्द्र तथा उप केन्द्र सम्बन्धी व्यवस्था

Scanned with CamScanner

## परिच्छेद ४

६ .समितिको गठन र काम, कर्तव्य, अधिकार

७. समितिको गठन प्रक्रियाः

८. पद रिक्त, पद पूर्ति तथा पदावधि

९. समितिको काम, कर्तव्य र अधिकारः

## परिच्छेद५
## समितिको संचालन तथा व्यवस्थापन

१०. समितिको छाप र लेटर प्याड

११. कोषको व्यवस्था

१२. कोषको संचालन

१३. विधानको स्वीकृति

१४. कर्मचारी सम्बन्धी व्यवस्था

## परिच्छेद६
## विविध

१५. विधानको संशोधन तथा व्याख्या

१६. समितिको विघटन

Scanned with CamScanner